Regd. No. 172459/074/75

PAN : 302100400

इष्टर्न हाइड्रोपावर लिमिटेड

EASTERN HYDROPOWER LTD.

(Pikhuwa Khola Small Hydro Power Project, Bhojpur)

पत्र संख्या :-२०७९।८०
चलानी नं. :-४०

मिति २०७९।१०।०५

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवार प्लाजा काठमाण्डौं ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड,
पुतलिसडक, काठमाण्डौं ।

श्री विद्युत नियमन आयोग,
सानो गौचरण, काठमाण्डौं ।

**बिषय : बार्षिक साधारण सभाको निर्णय पेश गरेको सम्वन्धमा ।**

महोदय,

उपरोक्त सम्वन्धमा यस कम्पनीको मिति २०७९ पौष ३० गते सम्पन्न छैठौं बार्षिक सधारण सभाको निर्णय प्रतिलिपि थान एक यसै पत्र साथ संलग्न राखि पेश गरिएको व्यहोरा अनुरोध गर्दछु ।

..............................
रोशन शाह
प्रमुख कार्यकारी अधिकृत

रजिष्टर्ड कार्यालय : काठमाडौं-३२, तिनकुने । फोन नं. : ०१-४७८५८७२ । फ्याक्स नं. : ०१-४७८५८७२
E-mail : pikhuwakhola5@gmail.com . website : www.ehpl.com.np

# इर्ष्टन हाइड्रोपावर लिमिटेड

## छैठौं वार्षिक साधारण सभा

आज मिति २०७९ साल पौष ३० गते शनिवार बिहान ८:०० बजे यस इर्ष्टन हाइड्रोपावर लिमिटेडको छैठौं वार्षिक साधारण सभा कम्पनीका अध्यक्ष श्री धनबहादुर श्रेष्ठज्यूको अध्यक्षतामा निम्न लिखित मिति, समय र स्थानमा बसी निम्नलिखित प्रस्तावहरु पारित गरियो ।

मिति :- २०७९ पौष ३० गते शनिवार (तदनुसार १४ जनवरी, २०२३)
समय :- बिहान ८:०० बजे
स्थान :- होटेल हार्दिक, बागबजार , काठमाण्डौं ।

**छैठौं वार्षिक साधारण सभाका प्रस्तावहरु**

**१. सामान्य प्रस्तावहरु**

क) कम्पनीको तर्फबाट कार्यकारी अध्यक्षज्यूले पेश गर्नु हुने आ. व. २०७८/०७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

ख) कम्पनीको आ. व. २०७८/०७९ को लेखापरीक्षण प्रतिवेदन तथा वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

ग) कम्पनीको आ. व. २०७९/०८० को लेखापरीक्षण गर्नकालागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

घ) कम्पनीको संशोधित नियमावलीको नियम २७(२) ख बमोजिम सर्वसाधारण समूहबाट प्रतिनिधित्व गर्ने १ जना संचालकको निर्वाचनको लागि अधिवक्ता श्री मनिष कुमार श्रेष्ठलाई जिम्मेवारी दिने ।

ङ) कम्पनीको आगामी आ. व. २०७९/०८० को बजेट तथा कार्यक्रम स्वीकृत गर्ने ।

**२. विशेष प्रस्ताव**

क) कम्पनीको संचालक समितिमा १ जना अनिवार्य महिला सदस्य रहने गरी कम्पनीको नियमावली संशोधन गर्ने ।

**३. विविध :** कम्पनीका यावत गतिविधीका समिक्षा

EASTERN HYDROPOWER Ltd. 2017

**छैठौं वार्षिक साधारण सभाको वैधानिकता तथा गणपुरक संख्या सम्बन्धमा :-**

आजको यस छैठौं वार्षिक साधारण सभा वैधानिक भए नभएको सम्बन्धमा छलफल गर्दा हलमा उपस्थित हुनु भएका संस्थापक र सर्वसाधारण शेयरधनीहरु र दर्ता भएका प्रोक्सीको गणना गर्दा यस सभाको गणपुरक संख्या ७१% पुगी सभा कम्पनी ऐन, २०६३ को दफा ७३ र यस कम्पनीको नियमावलीको नियम २३ बमोजिम सभा वैधानिक भएकोले अध्यक्षज्यूले सभामा जानकारी गराउनु भयो र सभाले ताली बजाएर सभा वैधानिक भएको मञ्जुर गर्‍यो । तत्पश्चात सभाका अध्यक्षले सभाको काम कारवाही अगाडी बढाउन निर्देशन दिनुभयो ।

**पारित प्रस्तावहरु:-**

**१) सामान्य प्रस्तावहरु**

क) यस कम्पनीको आजको छैठौं वार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट अध्यक्ष श्री धनबहादुर श्रेष्ठज्यूले कम्पनीको आ. व. २०७८।०७९ को वार्षिक प्रतिवेदन पेश गर्नुभयो । अध्यक्षले पेश गर्नुभएको वार्षिक प्रतिवेदन उपर सभामा दफावार छलफल भयो । छलफलको क्रममा शेयरधनीहरुले उठाउनुभएको जिज्ञासाहरुको जवाफ कार्यकारी अध्यक्षले दिनुभयो । तत्पश्चात कम्पनीको आ. व.२०७८।०७९ को वार्षिक प्रतिवेदन सभाबाट सर्वसम्मत रुपमा ताली बजाएर पारित भयो ।

ख) यस कम्पनीको आ. व. २०७८।०७९ को आय व्यय विवरण श्री यू.आर.ए. एण्ड एसोसिएट्सका प्रो. चार्टर्ड एकाउन्टेन्ट श्री उज्वल राज अर्यालले लेखापरीक्षण गरी पेश गर्नु भएको लेखापरीक्षण प्रतिवेदन यस सभामा पेश भयो । उक्त लेखापरीक्षण प्रतिवेदन माथी छलफल भै सो प्रतिवेदन साथ संलग्न वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा अनुसूचीहरु सभाबाट सर्वसम्मत रुपमा ताली बजाएर पारित तथा स्वीकृत गर्ने निर्णय भयो ।

ग) यस कम्पनीको आ. व. २०७९।०८० को आय व्यय विवरणको लेखापरीक्षण गर्नकालागि संचालक समितिबाट सिफारिश सहित पेश हुन आएको श्री सुवास आचार्य एण्ड एसोसिएट्सका प्रो. चार्टर्ड एकाउन्टेन्ट श्री सुवास आचार्यलाई नियुक्त गर्ने र लेखापरीक्षण गरे वापत उक्त कम्पनीलाई मु.अ.कर सहित रु. २,५०,०००।- (अक्षरुपी दुई लाख पचास हजार) पारिश्रमिक उपलब्ध गराउने सभाबाट सर्वसम्मत रुपमा ताली बजाएर पारित भयो ।

घ) यस कम्पनीको नियमावलीको नियम २७(२) ख वमोमिजम सर्वसाधारण समूहबाट प्रतिनिधित्व गर्ने १ जना सञ्चालक निर्वाचन गर्न संचालक समितिले मिति २०७८।०९।०९ मा श्री मनिष कुमार श्रेष्ठ प्रमुख निर्वाचन अधिकृत रहने गरी ३ सदस्यीय निर्वाचन समिति गठन गरेको थियो । उक्त निर्वाचन समितिले निर्वाचन प्रक्रियाका सम्बन्धमा भए गरेका कार्यहरुको विवरण सभामा जानकारी गराउनु भयो र निर्वाचनको लागि एक जना मात्रको उम्मेदवारी परेको र निजको उम्मेदवारीमा

EASTERN HYDROPOWER Ltd. 2017

कसैको दावी विरोध नपरेको र निजले आफ्नो नाम फिर्ता नलिएकोले अन्तिम उम्मेदवारको नामावलीमा एक जना मात्र उम्मेदवार कायम रहेकोले निर्वाचन गर्नुपर्ने पदसंख्या र कायम उम्मेदवारको संख्या बराबर भएकोले निर्वाचन गराउनु पर्ने नभई अन्तिम उम्मेदवारको रुपमा कायम रहनु भएका उम्मेदवार **श्री ताया हाङ्ग राई**लाई निर्वाचन अधिकृतले सभा समक्ष यस कम्पनीको आगामी ४ वर्षका लागि **सर्वसाधारण समूहबाट** संचालक पदमा निर्विरोध निर्वाचीत हुनु भएको घोषणा गर्नुभयो । साथै सभाले ताली बजाएर निर्वाचन अधिकृतको घोषणालाई पारित गर्ने निर्णय गरियो ।

ङ) कम्पनीको चालु आ. व.२०७९।०८० र आ.व. २०८०।८१ को लागि संचालक समितिले पेश गरेको वार्षिक वजेट तथा कार्यकम यस सभामा पेश भइ छलफल भयो । उक्त दुवै आ. व. को वार्षिक वजेट तथा कार्यकमलाई सभाबाट सर्व सम्मत रुपमा पारित गर्ने निर्णय भयो ।

**<u>२. विशेष प्रस्ताव:</u>**

(क) कम्पनीको नियमावलीको नियम २७(२) मा संशोधन गर्ने सम्बन्धी प्रस्ताव सभामा पेश भएकोमा सभाबाट सर्वसम्म्त रुपमा देहाय बमोजिम संशोधन गर्ने निर्णय भयो ।

<u>नियमावलीको नियम २७ को उपनियम (२) मा सभाबाट निर्णय भएको संशोधित व्यवस्था :</u>

***(२) *यस कम्पनीमा १ जना महिला संचालक सहित तपसिल बमोजिम ७ (सात) जनाको संचालक समिति हुनेछ ।*

*(क) संस्थापक समुहवाट ५ जना नियुक्त हुनेछ ।*

*(ख) सर्वसाधारण समुहवाट १ जना नियुक्त हुनेछ ।*

*(ग) स्वतन्त्र समुहवाट १ जना नियुक्त हुनेछ ।*

**<u>३.विविध:</u>**

विविध प्रस्ताव अन्तर्गत अन्य कुनै प्रस्तावहरु नभएको व्यहोरा कम्पनी सचिवले सभामा जानकारी गराउनु भयो र तत्पश्चात् सभा अध्यक्षज्यूले छैठौं वार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु र अन्य उपस्थित महानुभावहरुलाई सभा सफलतापूर्वक सम्पन्न भएकोमा धन्यवाद दिदै छैठौं वार्षिक साधारण समापन भएको घोषणा गर्नुभयो ।

..........................
विनय अधिकारी
कम्पनी सचिव

..........................
धनबहादुर श्रेष्ठ
अध्यक्ष

मिति : २०७९ साल पौष ३० गते शनिवार तदनुसार १४ जनवरी, २०२३

EASTERN HYDROPOWER Ltd. 2017